# माननीय श्रीप्रधानमन्त्रीज्यूको फौज़ी भाइ प्रति आश्वासनपूर्ण भाषण

०८।८।२२।६

आज तपाईहरूका सामुन्ने नेपालको प्रधानमन्त्रीका हैसियतले केही बोल्न पाउँदा आफूलाई गौरवान्वित ठान्नु यौटा स्वाभाविक कुरा हो । नेपालमा प्राइम्मिनिष्टरको अदल बदल कुनै नौलो कुरा होइन, एवं तपाईहरूमध्ये धेरैले यस खरीको बोटबाट अघि पनि विभिन्न प्राइम्मिनिष्टरहरूको भाषण सुन्नु-भएको नै हो । तर आजको अदल बदल र पहिलेको अदल बदलमा आकाश जमीनको अन्तर छ भन्नु पनि अत्युक्ति नहोला । आजको प्राइम्मिनिष्टर तपाईहरूको माझबाट आएको हो । रैती दुनियाँको यौटा साधारण नेपालीको छोरो कुनै वंश-विशेषका अधिकारले होइन, कुनै विशेष कृपाले पनि होइन, रैती दुनियाँको वारि-सका रूपमा श्री ५ महाराजाधिराजबाट यो ओहदा मलाई बक्सिएको हो । रैती दुनियाँका भलोका लागि निजहरूमध्येको मानिसलाई नियुक्त गरेमा रैती दुनियाँले सुख शान्ति पाउलान् भन्ने हेतुले नै यो परिवर्तन चाहिएको हो । त्यसैले यो परिवर्तन मानिस मानिसको होइन, एउटा सिद्धान्तको हो । जुन खरीको बोटमा साधारण दुनियाँका छोराले पाइला हाल्न पनि धौ धौ थियो । त्यहीं एउटा रैतीको छोरो प्रधानमन्त्रीको हैसियतले बोलिरहेछ, बुझ्नुपर्ने परिवर्तन यहीं हो । यो पद मेरो एकलौटी होइन । मेरा पछि मेरा दाजु भाइ वा छोराहरू आउने भन्ने पनि होइन । दुनियाँले रोजेका, दुनियाँले पत्याएका मानिसलाई श्री ५ महाराजाधि–राजबाट यो पद अबदेखि उप्रान्त बक्सिनेछ ।

सरकारले सिपाहीहरूको सुख दुःखलाई राम्रो बुझेको छ र त्यसको निमि-त्त सकभर उपाय गर्नेछ । दुनियाँको छोराको हैसियतले मैले हाम्रा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिपाही दाजु भाइहरूले छिँडिका अँध्यारा कोठामा मुठे दाउरा बालेर सोलको तिउन भवाईं पारेको र मकैको पीठो ओडालेको देखेको छु । देखेको मात्र होइन, चाखेको पनि छु । अतः वहाँहरूको दुःख मलाई सम्फाइरहनु पर्दैन, त्यो मेरो मनमा सदैव रहनेछ । त्यै अवस्थालाई सुधारी राम्रो खाने व्यवस्था, बस्न पाउने व्यारेक इत्यादिको प्रबन्ध होस्, सस्तो मोलमा सबै कुरा सुलभ हुन सकोस् भन्ने म र मेरा सहयोगी श्रीरक्षामन्त्रीजीतथा श्री-कम्याण्डर इनचीफको अभिलाषा छ । आफ्नो देशको सानु आम्दानीको अनुसार कतिसम्म तत्कालै र कति पछि गर्दै लग्न सकिन्छ, त्यो पनि हामीले हेर्नुछ । सोही अनुसार तपाईहरूलाई सुबिस्ता गराउँदै जग्नुछ । सैयौं वर्षदेखि चलिआएको व्यवस्थाले रित्तिएर खोक्रिएको सरकारले आजको भोली नै क्यै गर्न सकेन भनी भन्नु, बामे सर्नेलाई किन दगुरेन भने जस्तो हो । नियुक्ति गर्दा, थप गर्दा, सरुवा गर्दा इत्यादिमा मोलाहिजा नहोस् र मिहनतको पसिनाले भिजिरहेका दाजुभाइ अफिसरहरू र सिपाहीको पहिचान होस् र खिदमत होस् भनेर सुरक्षा-समितिले सो अभिभारा लिएको छ । अब अनुभव, ल्याकत र इमान्दारीको आधारमा कोइ पनि कमाण्डर इनचीफ हुन शक्तछन् भन्ने कुरो तपाईहरूलाई थाहा छ । सुरक्षा--संगठन-समितिले प्रत्येक जनाको ल्याकत र नोकरीको वर्ष हेरेर रिपोर्ट गर्ने र कामअनुसार इज्जत र मान दिने इरादा भएको छ । त्यसले काम गरिरहेको छ, रिपोर्ट पेश हुनासाथ त्यसलाई हेरेर बन्दोबस्त हुनेछ ।

मुलुकमा खाद्य र वस्त्रको महगीले सबैमाथि परेको कठिनाइ तपाईहरूलाई कम परेको छैन । एक दुइ रूपैयाँको घटी बढीले संकट दूर हुँदैन । दीगो हुने गरी उपाय गर्नुपर्दछ भनेर त्यसमा पक्का विचार यो तपाईहरूको सरकारले गर्ने इरादा गरेको छ । पैले दुनियाँदारलाई एकमोहर र एक रूपैयाँ थप दिएर फकाउने प्रथा थियो, तर महगी पनि बढ्दै जान्थ्यो, त्यसले के फाइदा थियो र ? अब दुनियाँको राजमा दुनियाँले कमाएकोले खान लाउन पुगी बचाउन सक्ने व्यवस्था गरिदिनु कर्तव्य हो । हामी मिलेर उपाय सोचेमा कठिन कुरो होइन । देशका दाहिना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अंग भै गहना भएको तपाईंहरूको सुख र आराम पुऱ्याउने मेरो धर्म हो। मलाई सधैं तपाईंहरूको निम्ति फिक्री रहनेछ। पशुपतिनाथजीको कृपाले मैले तपाईंहरूलाई आराम पुऱ्याउन सकें भने सार्थक सम्झनेछु।

देशको स्वतन्त्रता कायम राख्नमा सिपाहीहरूको ठूलो हात छ। हाम्रो यो देशको गौरव राख्नमा तपाईं जंगीहरूको ठूलो हात छ। समय समयमा आफ्नो अमूल्य रगत बगाएर देशको स्वतन्त्रता दीगो राख्नाको श्रेय तपाईंहरूमाथि नै छ। कैले हामीमाथि दक्षिणबाट आक्रमण भयो, कैले उत्तरबाट तर हामीले आफ्नो स्वतन्त्रता आफ्नो प्राणभन्दा पनि प्यारो र ठूलो ठानी त्यसको रक्षा गऱ्यौं, सदा होशियार रही आफ्नु स्वतन्त्रताको यो नासो हाम्रा वीर बलभद्र र अमरसिंह जस्ता पुर्खाले हामीलाई सौंपेर गएका छन्, त्यस्को इज्जत हामी सबैले मिलेर राख्नु छ। आज संकटका बादल ठाउँ ठाउँ आकाशका कुनामा झिलिक मिलिक गरेको देखिन्छ। कुनै बेला झमलिएर हामीलाई छोप्न पनि सक्छ। त्यसका लागि हामीले सदैव जागरूक र तत्पर रहनुपर्छ। हाम्रा पुर्खाका धर्मले र हाम्रा देवताहरूका आशिर्वादले त्यो दिन हामीलाई पर्नेछैन होला। तर हामीले सदा तत्पर रही आफ्नो देशको गौरव र स्वतन्त्रताको रक्षा गर्नुपर्दछ। किनभने त्यसैमा नेपाल बाँच्नेछ, नत्र नेपाल र नेपाली दुबैको लोप हुनेछ।

हामीमा एकता रहिरह्यो भने देश-भक्ति र आफ्ना प्यारा नायक श्री ५ महाराजाधिराज प्रति बफादारी र आफ्नो कर्तव्य प्रत्येक नागरिक र जागीदारहरूले इमान्दारीले गऱ्यो भने संसारको कुनै शक्तिले पनि हाम्रो नासो खोस्न सक्नेछैन।

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

विष्णु ध्वज जोशी
अफिसर इन्चार्ज
२००८.

६४-B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।